भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जगन्नाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

**प्रस्तावहरु :**

**प्रस्ताव नं. १ :** प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान तर्फका योजना छनौट सम्वन्धमा ।

**प्रस्ताव नं. २ :** प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदानको लागि योजना छनौट सम्वन्धमा ।

**प्रस्ताव नं. ३ :** प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदानको लागि योजना छनौट सम्वन्धमा ।

**प्रस्ताव नं. ४ :** नेपाल सरकारबाट प्राप्त हुने समपुरक अनुदान तर्फका योजना छनौट सम्वन्धमा ।

**प्रस्ताव नं. ५ :** नेपाल सरकारबाट प्राप्त हुने विशेष अनुदान तर्फका योजना छनौट सम्वन्धमा ।

**प्रस्ताव नं. ६ :** नेपाल सरकार सशर्त अनुदान अन्तर्गतका कार्यक्रम सम्वन्धमा ।

**प्रस्ताव नं. ७ :** गत आ.व. को प्रति विद्यार्थी लागत अनुदानबाट नियुक्त शिक्षक सम्वन्धमा ।

**प्रस्ताव नं. ८ :** कृषि क्षेत्र विकास कार्यक्रम अन्तर्गत संचालन हुने योजना सम्वन्धमा ।

**प्रस्ताव नं. ९ :** आई.पि.एम. प्रणाली स्थापना सम्वन्धमा ।

**प्रस्ताव नं. १० :** विविध विषय ।

**निर्णय नं. १ :**

यस गाउँपालिका अन्तर्गत प्रदेश सरकारबाट सशर्त अनुदानतर्फ हस्तान्तरण हुने योजनाहरु प्राथमिकताको आधारमा छनौट गरी पठाईदिन कर्णाली प्रदेश योजना आयोग, सुर्खेतको मिति २०७६।०४।१५ को पत्रबाट लेखी आएकोले यस गाउँपालिका अन्तर्गतका तपसिलका योजनाहरु प्राथमिकताको आधारमा सिफारस गरी पठाउने निर्णय गरियो ।

**तपसिल :**

| क्र.सं. | आयोजनाको नाम | कार्यान्वियन हुने स्थान | प्राथमिकता नं. |
|---|---|---|---|
| १. | वेस्तडा – कट्टी जोड्ने कट्टी खोला पक्की पुल निर्माण | वडा नं. १ र ५ | १ |
| २. | वावियातडा – हे.पो.– वडा कार्यालय सडक निर्माण | वडा नं. १ | २ |
| ३. | जुम्ला काफल मलुका कचाली सडक निर्माण | वडा नं. ५ | ३ |